त्रिभुवन विश्वविद्यालय
Tribhuvan University

Ph. No. +977-014244047

# त्रि-चन्द्र बहुमुखी क्याम्पस
# Tri-Chandra Multiple Campus

स्थापित : १९७५ वि.सं. 1918 A.D.

क्याम्पस प्रमुखको कार्यालय
Office of the Campus Chief

सरस्वती सदन, घण्टाघर, काठमाडौं, नेपाल
Saraswati Sadan, Ghantaghar, Kathmandu, Nepal

पत्र संख्या/Ref. No.:- ९६०८/०८३/०८४

## त्रि-चन्द्र बहुमुखी क्याम्पसको १०९ औं वार्षिकोत्सव कार्यक्रमसम्बन्धी

## प्रेस विज्ञप्ति

मितिः २०८३-०५-०५

यस त्रि-चन्द्र बहुमुखी क्याम्पसले, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाको प्रमुख आतिथ्यमा यही भाद्र १२ गते शुक्रवारका दिन १०९ औं वार्षिकोत्सव कार्यक्रम भव्यताका साथ मनाउने भएको छ । साथसाथै यसै पुनीत अवसरमा यही भाद्र १० र ११ गते यस क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (Research Management Cell) संयोजनमा शैक्षिक प्रदर्शनी गर्ने भएको कुरा सहर्ष जानकारी गराइन्छ । यस प्रदर्शनीमा क्याम्पसमा अध्ययनरत विद्यार्थीबाट विभिन्न विषयसँग सम्बन्धित सिर्जनात्मक, नवप्रवर्धनात्मक, अनुसन्धानात्मक तथा अन्तर्विषयात्मक कार्यक्रमहरू प्रस्तुत गरिने छन् । यस कार्यक्रमलाई आफ्नो गौरवमय इतिहासप्रति गौरव गर्दै हर्षोल्लासपूर्वक मनाउन लागिएको भव्य उत्सवका रूपमा लिइएको छ । प्रस्तुत कार्यक्रमलाई क्याम्पस परिवारले आफ्नो सिर्जनात्मक सामर्थ्य प्रस्फुटन गर्ने सुखद अवसरका रूपमा पनि लिएको छ । अतः उत्सवलाई सफल बनाउनमा क्याम्पससँग सम्बद्ध, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, सञ्चारकर्मी तथा शुभेच्छुकहरूको सहभागिताबाट मात्र सम्भव रहेको कुरालाई हृदयङ्गम गर्दै यहाँहरूको गरिमामय सहभागिताका लागि हार्दिक अनुरोध छ ।

### कार्यक्रमको विवरण

**१) शैक्षिक प्रदर्शनी**

मिति र समय :

| | |
|---|---|
| उद्घाटन | : २०८३ भाद्र १० गते बिहान १० : ३० बजे, बुधवार |
| समापन | : २०८३ भाद्र ११ गते अपराह्न ३ : ३० बजे, बिहिवार |
| स्थान | : विज्ञान भवन, त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं |

**२) वार्षिकोत्सव**

| | |
|---|---|
| मिति | : २०८३ भदौ १२ गते, शुक्रवार |
| समय | : १२:३० बजेदेखि |
| स्थान | : त्रि-चन्द्र बहुमुखी क्याम्पस परिसर, काठमाडौं |

प्रा.डा. निलम श्रेष्ठ प्रधान
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस